म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ | अङ्क:- १२८ | २०८० चैत १६ गते शुक्रबार 29 March 2024, Friday - | पृष्ठ ४ | मूल्य रू. ५/-

**डिबिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेंलो निभाऔं । डढेंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

**डिबिजन वन कार्यालय, मकवानपुर**

### एसईई सुरु

# मकवानपुरमा ११७ विद्यार्थी अनुपस्थित



*हेटौंडा-४ स्थित भुटनदेवी माविमा एसईईमा सहभागी विद्यार्थी ।*

समाज संवाददाता

हेटौंडा: बिहिबारबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु भएको छ । पहिलो दिन बिहिबार अनिवार्य अंग्रेजी विषयको परीक्षा भएको छ । मकवानपुर जिल्लामा पाँच हजार नौं सय ७८ जना विद्यार्थी परीक्षामा सहभागी भएका छन् ।

शान्तिपूर्ण वातावरणमा परीक्षा सञ्चालन भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ। परीक्षा फारम भरेकामध्ये एक सय १७ जना विद्यार्थी परीक्षामा अनुपस्थित रहेको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ । बालसुधार गृहमा ५ जना र जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा एक जना विद्यार्थी एसईईमा सहभागी भएको इकाईकी अधिकृत उन्नति ढकालले जानकारी दिनुभएको छ ।

शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले मकवानपुर जिल्लाका १ सय ३८ वटा विद्यालयका विद्यार्थीका लागि २६ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ । यस वर्ष मकवानपुरको राक्सिराङ गाउँपालिकामा पनि परीक्षा केन्द्र कायम गरिएको छ । मकवानपुर जिल्लाका १० वटा पालिका मध्ये कैलाश गाउँपालिकामा मात्रै परीक्षा केन्द्र निर्धारण गरिएको छैन ।

### बागमती प्रदेशमा मन्त्रिपरिषद् विस्तार

# पाँच बुँदे सहमति गर्दै हानेपाका बज्राचार्यले लिए शपथ

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् विस्तार भएको छ। बिहीबार प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रिपरिषद् विस्तार गर्नुभएको हो ।

मुख्यमन्त्री जम्कट्टेलको हाम्रो नेपाली पार्टी (हानेपा)का शैलेन्द्रमान बज्राचार्यलाई मन्त्री पदमा नियुक्त गर्नुभएको हो । बज्राचार्यले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ । बज्राचार्यले बिहीबार साँझ बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मासमक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको हो ।

सत्ता गठबन्धन परिवर्तनपछि गत मंगलबारमात्रै हाम्रो नेपाली पार्टीले प्रदेश सरकारलाई विगतमा दिएको समर्थन फिर्ता लिएको थियो । सत्ता गठबन्धनका दलहरुसँग पाँच बुँदे सहमतिपछि बज्राचार्य सरकारमा सहभागी हुनुभएको हो । बागमती प्रदेशसभाको बाँकी पूरै कार्यकालका लागि सहकार्य गरी राजनीतिक स्थायित्व, विकास र समृद्धिको नागरिक चाहनालाई आत्मसात् गरी प्रदेश सरकार निर्माण र सञ्चालन गर्ने सहमति भएको छ ।

यस्तै, केन्द्रीयस्तरमा बनेको सत्ता समीकरणको निर्णयअनुसार प्रदेश सरकारको नेतृत्व कार्यान्वयन गरी सहभागी दलका बीचमा प्रदेश सरकारको



नेतृत्वमा सहकार्य गरी अघि बढ्ने, सरकार सञ्चालनका सन्दर्भमा समीकरणमा आबद्ध दलहरुको प्रतिनिधि रहने प्रदेशस्तरीय संयन्त्र निर्माण गरी साझा न्यूनतम नीति कार्यक्रम बनाई त्यसको मार्गदर्शनमा सरकार अघि बढ्ने सहमति गरिएको छ। प्रदेश सरकार गठनका सन्दर्भमा सहभागी दलहरुको सहमतिका आधारमा मात्र मन्त्रिपरिषद्को संख्या निर्धारण र मन्त्रालयको जिम्मेवारी विभाजन गर्ने सहमति छ । प्रदेशको राजनीतिक स्थायित्व, विकास र समृद्धिका पक्षमा प्रदेशसभामा प्रतिनिधित्व गरेका अन्य दललाई पनि यस समीकरणमा सहभागी हुन अनुरोध गर्ने सहमतिमा उल्लेख छ ।

केन्द्रमा सत्ता समीकरण फेरिएसँगै बागमती प्रदेश सरकारमा रहेको नेपाली कांग्रेस बाहिरिएपछि सरकार अल्पमतमा परेको थियो । विश्वासको मतका लागि आवश्यक संख्या जुटाउन मुख्यमन्त्री जम्कट्टेल केन्द्र धाइराख्नु भएको थियो । प्रदेश सरकारमा बज्राचार्य मन्त्री बनेसँगै नयाँ बनेको समीकरणका लागि विश्वासको मत लिन बहुमत पुग्नेछ । ११० जना प्रदेशसभा सदस्य रहेको बागमतीमा यसअघि नयाँ बनेको गठबन्धनसँग ५५ जना प्रदेशसभा सदस्य रहेका थिए । बज्राचार्य मन्त्री बनेसँगै बागमतीमा बहुमतका लागि ५६ जना प्रदेशसभा सदस्य पुगेको छ। तर सरकारमा बहुमत पुगेता पनि मन्त्रिमण्डलले पूर्णता पाइसकेको छैन ।

बागमतीका ५ मन्त्रालय अझै मुख्यमन्त्री आफैंले राख्नुभएको छ। केन्द्रमा भागबण्डा नमिल्दा मन्त्रिमण्डलले पूर्णता पाउन नसकेको हो ।

**हार्दिक बधाई**



डा. यमबहादुर सिलवाल, क्याम्पस प्रमुख | संगम चौलागाई, सहायक क्याम्पस प्रमुख | दिनेश विडारी, सहायक क्याम्पस प्रमुख | उत्तम अर्याल, सहायक क्याम्पस प्रमुख | सन्देश विडारी, प्राचार्य

मकवानपुर बहुमुखी क्याम्पसको प्रमुखमा डा. यमबहादुर सिलवाल, सहायक प्रमुखमा संगम चौलागाई, दिनेश विडारी, उत्तम अर्याल र प्राचार्यमा सन्देश विडारी नियुक्त हुनुभएकोमा नवनियुक्त प्रमुख, सहायक प्रमुख र प्राचार्यलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछौं ।

घनश्याम घिमिरे, अध्यक्ष
एवम् पब्लिक क्याम्पस प्राध्यापक संघ
मकवानपुर बहुमुखी क्याम्पस इकाई परिवार
हेटौंडा-२, मकवानपुर



# सम्पादकीय

## सम्झौताको कार्यान्वयन

मुलुकको सामुदायिक विद्यालयको शैक्षिक अवस्था सन्तोषजनक छैन । सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर उकास्न सबैतिर चिन्ता र चासो व्यक्त गर्ने गरिएको पाइन्छ । केही विद्यालयबाहेक अधिकांश सामुदायिक विद्यालयमा न्यून विद्यार्थी संख्या रहेका छन् । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बढ्न नसक्नु र विद्यार्थीको नतिजासमेत कमजोर हुनु चिन्ताको विषय हो । सामुदायिक विद्यालयमा देखिएको विविध समस्या र उचित व्यवस्थापनको कमीले निजी विद्यालयप्रति अभिभावक र विद्यार्थीको आकर्षण बढेको हो । सबै सामुदायिक विद्यालयले आशातित सफलता हासिल गर्न नसक्नुमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय तह र राज्यका शैक्षिक प्रशासनिक संयन्त्र सबै जिम्मेवार छन् । पछिल्लो समय विद्यालय तहको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहमा आएका कारण सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधार्न स्थानीय सरकार बढी उत्तरदायी बन्नुपर्ने देखिएको छ ।

विद्यालय शिक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक र विद्यालय व्यवस्थापनको जिम्मा पाएको स्थानीय सरकारबीच उचित समन्वय र सहकार्य हुन सकेमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुग्नसक्छ । यही तथ्यलाई मध्यनजर गर्दै मकवानपुरगढी गाउँपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग २४ बुँदे कार्यसम्पादन सम्झौता गरेको छ । नयाँ शैक्षिक सत्र सुरु हुनुअघि गाउँपालिकाले कार्यसम्पादन सम्झौता गरेको हो । गाउँपालिकाको शिक्षा शाखाले तयार पारेको कार्यसम्पादनको मस्यौदामा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवम् विद्यालयका प्रधानाध्यापकसमेतबाट प्राप्त सुझावलाई समेटेर कार्यसम्पादन सम्झौतालाई अन्तिम रुप दिइएको जनाइएको छ । मस्यौदामाथि छलफल गरेर प्राप्त सुझावसमेत समेटिएको हुँदा यो सम्झौता कार्यान्वयन गर्न सहज हुने विश्वास पालिकाको छ । पालिकासँग कार्यसम्पादन सम्झौता गरेका ३७ वटा विद्यालयका प्रधानाध्यापकले अब आ–आफ्ना विद्यालयका शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गर्ने भएका छन् ।

कार्यसम्पादन सम्झौतामा प्रधानाध्यापकले चैत मसान्तभित्र आगामी शैक्षिक सत्रका लागि वार्षिक कार्यतालिका तयार गर्नु पर्नेछ । विद्यालय सुधार योजना निर्माण गर्ने, प्रत्येक शिक्षकले वार्षिक शैक्षिक र सिकाई उपलब्धि वृद्धिको योजना बनाउने सम्झौतामा उल्लेख छ । विद्यालयहरुमा बालमैत्री बसाइ व्यवस्थापन र भयरहित सिकाई वातावरणको सुनिश्चित गरिने सम्झौतामा समेटिएको छ । विद्यार्थीको नियमितता र सिकाइ अवस्थाका बारेमा अभिभावकसँग त्रैमासिक अन्तरक्रिया गर्ने, श्रव्यदृश्य सामग्रीसहितको सिकाइ क्रियाकलापका लागि पूर्वाधार निर्माण गर्ने, विद्यालयको वार्षिकोत्सव र अभिभावक दिवस मनाउने, फिडर विद्यालयको शैक्षिक गुणस्तर सुधार्न लिडर विद्यालयले सहजीकरण गर्ने कार्यसम्पादन सम्झौता गरिएको छ ।

आफ्नो पालिकाको शैक्षिक गुणस्तर सुधारका लागि मकवानपुरगढी गाउँपालिकाको यो प्रयासलाई सकारात्मक मान्नुपर्छ । गाउँपालिकाले आगामी शैक्षिक सत्रको शैक्षिक क्यालेण्डर वितरण गर्दै आगामी जेठ मसान्तभित्र अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको गाउँपालिका घोषणा गर्ने कार्ययोजना कार्यान्वयन गर्ने भएको छ । यस्तै, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई अभिमुखीकरण गराउने र गाउँ शिक्षा योजना निर्माण गर्ने भएको छ । संघीय सरकारले कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजाबापत अनुदान उपलब्ध गराएकोमा गाउँपालिकाले २०७६ सालदेखि १२ कक्षासम्मका विद्यार्थीका लागि खाजा कार्यक्रम सञ्चालन गर्दै आएको छ । गाउँपालिकाले प्रधानाध्यापकहरुसँग गरेको कार्यसम्पादन सम्झौतालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सकेमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा त्यसले सहयोग गर्ने निश्चित छ । सरोकारवाला सबै पक्षको सहभागिता र सहमतिमा कार्यसम्पादन सम्झौता गरिएका कारण यसको कार्यान्वयन गर्न सहज हुने आशा गर्न सकिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : चुनौतिका बाबजुत नसोचेको काम बन्न सक्नेछ ।
**वृष** : ताकेका र चिताएका कामहरु सम्पन्न हुने समय छ ।
**मिथुन** : आर्थिक दृष्टिले सुधारको समयको योग रहेको छ ।
**कर्कट** : यात्रा योग र भेटघाटमा समय व्यतित होला ।
**सिंह** : आर्थिक पक्षका काममा भने बाधक समय छ ।
**कन्या** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ने समय छ ।
**तुला** : दायित्व र जिम्मेवारी बढ्ने समयको योग छ ।
**वृश्चिक** : शुभकामना र सहयोग प्राप्त हुने समयको योग छ ।
**धनु** : कार्यक्षेत्रमा सोचे भन्दा राम्रै प्रतिफल प्राप्त होला ।
**मकर** : व्यापार–व्यवसायमा नयाँ लगानी बढ्ला ।
**कुम्भ** : रोकिएका कामहरु पूर्ण हुने समयको योग छ ।
**मीन** : अकर्मव्य र लक्ष्यहीन नबन्दा राम्रो रहला

# विश्वको सबैभन्दा ठूलो ऋणदाता चीन



✍नरसागर श्रेष्ठ

विगत तीन दशकको अवधिमा चीनको विश्व अर्थव्यवस्थामा भएको योगदान १० गुणाले बढेको छ । सन् १९९० तिर चीनको विश्व अर्थव्यवस्थामा लगभग २ प्रतिशतको मात्र योगदान रहेकोमा अहिले आएर चीनको योगदान १८ प्रतिशतभन्दा माथि पुगेको छ । उद्योगहरूको विकास र सहरीकरणबाट आर्थिक विकास गरेको चीन अहिले विश्वको वाणिज्य र वित्तीय केन्द्रबिन्दु बनेको, आधारशिला निर्माणमा विश्वलाई नै नेतृत्व प्रदान गर्न सफल भएको, १ सय २८ भन्दा बढी देशको मुख्य व्यापारिक साझेदार भएको र विश्व बजारलाई नै नयाँ रुप दिन सफल भएको मानिन्छ ।

चीन अहिले आएर दोस्रो ठूलो अर्थतन्त्र मात्र नभएर विश्वमा सबैभन्दा बढी विदेशी मुद्रा भण्डारण भएको देशका रूपमा पनि लिने गरिन्छ र कम र मध्यम आय भएका देशहरूलाई सरकारी ऋण उपलब्ध गराउने कार्यमा विश्वकै सबैभन्दा ठूलो ऋणदाताको रूपमा देखा परेको छ । सन् २०१३ अगाडि वार्षिक १० प्रतिशतभन्दा बढी दरमा जुन आर्थिक वृद्धिदर हासिल गरेको छ, त्यसले गर्दा पनि यो कार्य सम्भव भएको हो ।

चीन सरकारसँग पर्याप्त मात्रामा विदेशी मुद्राको सञ्चिति, बचतको पयार्य जी–२० तथा र बैंक खाताहरुमा पर्याप्त मात्रामा रकम जम्मा भएकाले चीनले विश्वका अरु देशहरुमा ऋण प्रवाह गर्न सकेको र आफ्नो देशमा बढ्दो सरकारी ऋणका कारण आउन सक्ने वित्तीय संकट टार्न सकेको मानिएको छ । चीनलाई सरकारी ऋणको विश्व बजारमा गेम चेन्जर मानिएको छ ।

सन् २०१३ देखि सञ्चालनमा आएको बेल्ट रोड एन्ड इनिसिएटिभ (बिआरआई) र ब्रिक्सअन्तर्गतको डेभलपमेन्ट बैंकका तर्फबाट विश्वका मध्यम र कम आय भएका देशहरुमा चीनबाट सरकारी ऋणको पर्याप्त मात्रामा प्रवाह भएको देखिन्छ । एड डाटा नामक एक संस्थाको तथ्यांकअनुसार अमेरिकाले विश्वका कम आय भएका देशहरूमा वार्षिक ६० अर्ब अमेरिकी डलर बराबरको सरकारी ऋण प्रवाह गरेको देखिन्छ भने चीनले प्रवाह गर्ने गरेको ऋणको मात्रा ८० अर्ब अमेरिकी डलर पुगेको छ ।

दक्षिण अमेरिकाको उरुग्वेदेखि अफ्रिकाको एंगोला भएर एसियामा श्रीलंकासम्म चीनको ऋणको क्षेत्र विस्तार भएको पाइन्छ । चीनले यस्ता देशहरूलाई पुल, बन्दरगाह र राजमार्गहरू निर्माण गर्नका लागि ऋण प्रवाह गर्ने गरेको देखिन्छ । चीनको यस्तो ऋण वित्तीय डिस्ट्रेसमा परेका कम आय भएका देशहरूमा प्रवाह हुने गरेको छ । बिआरआईअन्तर्गत मात्र चीनले १ सय ६५ देशका २१ हजार परियोजनालाई ऋण उपलब्ध गराएको छ ।

यसरी उपलब्ध गराएको ऋणको मात्रा अहिले आएर १ हजार अर्ब अमेरिकी डलरभन्दा बढी भइसकेको छ । बिआरआई विश्वको सबैभन्दा ठूलो आधारशिला निर्माण गर्ने परियोजना बनेको छ । अहिले विश्व बैंक क्षेत्रीय विकास बैंकहरु र पश्चिमी मुलुकहरुको बैंकहरु सबै जोड्दा पनि बिआर आईले प्रवाह गरेको ऋण बढी हुन आउँछ ।

चीनले बिआरआईअन्तर्गत ऋण दिँदा चीनको केन्द्रीय बैंकले सम्बन्धित देशको केन्द्रीय बैंकमार्फत ऋण उपलब्ध गराउँछ र यसको बीचमा पश्चिमका वाणिज्य बैंकहरू रहने गर्छन् । चिनियाँ डेभलपमेन्ट बैंक, एक्सपोर्ट–इम्पोर्ट बैंक अफ चाइना र अरू वाणिज्य बैंकहरू यस्तो ऋण उपलब्ध गराउने कार्यमा संलग्न रहेको पाइन्छ । हालका वर्षहरूमा वाणिज्य बैंकहरूमार्फत प्रवाह भएको ऋणको मात्रामा कमी आएको छ ।

कम्बोडियाले धेरै ऋण चीनबाट लिएको देखिन्छ भने लाओसले त आफ्नो कुल गार्हस्थ्य उत्पादनको ६५ प्रतिशतजति ऋण चीनबाट लिइसकेको छ । इन्डोनेसियाले चीनबाटै ऋण लिएर आफ्नो देशमा बुलेट ट्रेन पनि निर्माण गरिसकेको छ । ब्रिक्स समूहमा सबैभन्दा ठूलो अर्थतन्त्रको नाताले ब्रिक्सअन्तर्गतको बैंकमार्फत प्रवाह हुने ऋणमा पनि चीनको महत्वपूर्ण हिस्सा रहने गरेको हुन्छ ।

ब्रिक्सअन्तर्गतको न्यू डेभलपमेन्ट बैंकका तर्फबाट पनि जल यातायात, सफा इन्धनका योजनाहरूका लागि करिब १ सयवटा परियोजनामा ऋण लगानी भएको छ र यसमा एउटा ठूलो अर्थतन्त्रको नाताले चीनको योगदान महत्वपूर्ण रहेको छ । सन् २०३० सम्ममा यो बैंकको लगानी ३ सय ५० अर्ब डलरभन्दा बढी हुनेछ र यो रकम विश्व बैंकको लगानीभन्दा बढी हुने आकलन गरिएको छ ।

यसैको माध्यमबाट धेरै देशले चिनियाँ प्रविधि, पुनः नवीकरणीय ऊर्जा र विद्युतीय सवारी साधनसम्बन्धी प्रविधिहरू पनि आयात गरिरहेका छन् । यही ऋणको माध्यमबाट थाइल्यान्डले पुनः नवीकरणीय ऊर्जाको प्रविधि भित्र्याउन खोजेको देखिन्छ । यस प्रकार चिनियाँ ऋणलाई पुँजीको न्यूनता पूरा गर्ने साधनका रुपमा मात्र नलिई चिनियाँ प्रविधि भित्र्याउने एउटा माध्यमका रूपमा पनि लिइएको छ । कोभिडपछि विश्वका धेरै देशमा बढेको मुद्रास्फीति नियन्त्रण गर्न केन्द्रीय बैंकहरूले बढाएको ब्याजदरका कारण धेरै कम आय भएका देशहरूलाई चिनियाँ ऋणको साँवा–ब्याज तिर्न पुनः सम्झौता वार्ताहरू गर्नुपर्ने अवस्था आएको छ ।

विश्वको सरकारी ऋणको बजारमा यति ठूलो भूमिका हुँदाहुँदै पनि चीन पश्चिमा देशहरूले स्थापना गरी सञ्चालन गर्दै आएको १९ सदस्यीय पेरिस क्लबमा भने सदस्य रहेको देखिँदैन । पेरिस क्लबका सदस्य देशहरूले प्रवाह गर्ने ऋणको ब्याजदर कम हुने गरेको र ऋण तिर्ने समय पनि धेरै हुने गरेको छ भने चीनबाट प्रवाह हुने ऋणमा ब्याजदर ६ प्रतिशतभन्दा बढी हुने गरेको र ऋण र साँवा–ब्याज तिर्ने समय पनि थोरै हुने गरेको छ ।

धेरै देशलाई ऋणको पासोमार्फत आफ्नो प्रभावमा ल्याउने माध्यमका रूपमा लिएको भनी यसको आलोचना गरिएको छ । चिनियाँ बैंक तथा कम्पनीहरूमार्फत प्रवाह हुने भएकाले यसमा ब्याजदर बढी हुनाका साथै पारदर्शिताको अभाव रहने गरेको र यस्ता बैंक तथा कम्पनीहरू चीन सरकारको अनुदानबाट चल्ने गरेको भनी आलोचना गरिएको पाइन्छ । चीनले प्रवाह गर्ने ऋणअन्तर्गत सञ्चालन हुने परियोजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन गर्ने नगरेका, परियोजनाले विस्थापित गर्ने जनताको पीरमर्का नहेरेको र आर्थिक सम्भाव्यताको अध्ययन नगरेको जस्ता आरोपहरू पनि लाग्ने गरेको छ । यसले स्थानीय सम्भ्रान्त वर्गको स्वार्थ पूरा गरी भ्रष्टाचारलाई बढावा दिएको आक्षेप पनि लगाइएको छ ।

अमेरिकामा २०१७ तिर नै ट्रम्प प्रशासन र त्यहाँको कंग्रेसले यसको विकल्पका रुपमा अमेरिकी अन्तर्राष्ट्रिय विकास वित्त कर्पोरेसन स्थापना गरेको थियो, जसले विश्वका कम विकसित देशहरूलाई आधार शिला निर्माण गर्न सहायता दिने लक्ष्य राखेको थियो । भारतले गत वर्षको नोभेम्बरमा जी–२० को सम्मेलन गरी भारत, मध्यपूर्व र युरोप कोरिडोरसम्बन्धी सम्झौता गरेपछि यसलाई बिआरआईको विकल्पका रूपमा पनि हेरिएको छ र भारतीय सञ्चारमाध्यमहरूले पनि बिआर आईलाई लिएर धेरै नकारात्मक टिप्पणी गरिरहेको पाइन्छ । उनीहरूले यसलाई केन्द्रीकृत रूपमा यसका परियोजनाहरू तयार हुने गरेको, यसले चीनको स्वार्थलाई बढी हेर्ने गरेको, चिनियाँ कम्पनीहरूलाई बढी रोजगारी उपलब्ध गराउने गरेको, देशको सार्वभौमसत्तालाई बेवास्ता गरेको, यसअन्तर्गतका परियोजनाहरूमा दिगोपना नभएको र बढी ब्याजदरमा कम आय भएका देशहरूलाई ऋण प्रवाह गरेको जस्ता आक्षेपहरू लगाउन पछि परेका छैनन् ।

चीनको सिंचुवान विश्वविद्यालयका प्राध्यापक गाओ लियाडका अनुसार यसलाई कन्सिपिरेसी सिद्धान्तको परिणाम मान्न सकिन्छ, जुन चीन र अमेरिकाबीचको भू–राजनीतिक द्वन्द्वका कारण सिर्जना भएको हो । अर्कातिर ठूला–ठूला आधारशिलाहरू निर्माण गर्दा विश्वभरि नै पुँजीबजारबाट ऋण लिने चलन विद्यमान छ, जसमा चिनियाँ बैंक र कम्पनीहरू सहभागी भएका हुन् । चीनले अरू देशहरूलाई ऋणको पासोमा पार्न खोजेको सम्बन्धमा यो गलत सूचनाको परिणामका रूपमा लिनुपर्ने कुरामा उसको जोड रहेको पाइन्छ ।

साथै, चीनको अन्तर्राष्ट्रिय वित्तीय बजारमा रहेका भूमिकाको कारण पनि यो आरोप सत्य नभएको उसको तर्क छ । यसका साथै ऋण लिने देशहरूले आफ्नै देशको कानुन र नीतिअनुसार परियोजना छनोट गर्न स्वतन्त्र भएको र चीनले यसमा कुनै बाध्यकारी व्यवस्था नलादेको पनि उसको तर्क छ । ब्रिटेन उड्स संस्थाहरुसँग ऋणको कारोबार गर्दा संरचनागत आर्थिक सुधारका कार्यक्रमहरूमा जोड दिने गरेको र यी कार्यहरुमा कम र मध्यम आय भएका देशहरुको राजनीतिक नेतृत्वले त्यस्ता सुधारहरु गर्ने चासो नलिएबाट पनि चिनियाँ ऋणको मात्रामा वृद्धि भएको देखिन्छ ।

सन् २००८ को वित्तीय संकटका बेला र कोभिड संक्रमण, २०२० मा चीनको अर्थतन्त्रले विश्व अर्थव्यवस्थामा पुऱ्याएको योगदानलाई बिर्सन सकिँदैन । चीनलाई पनि पेरिस क्लबमा सदस्यता दिलाउनेतर्फ अन्तर्राष्ट्रिय रुपमा समन्वयात्मक पहल हुनु आवश्यक छ र कोभिड संक्रमणको बेलामा भएको खर्च र रुसले युक्रेनमाथि गरेको आक्रमणपछि पूर्ति सिक्रीमा आएको व्यवधानले कम आय भएका धेरै देश वैदेशिक ऋणबाट ग्रस्त भएका छन् र धेरै देशको ऋण पुनर्तालिकीकरण गर्नुपर्ने र ऋण माफी गर्नुपर्ने आदि समस्याहरू देखा परेका छन् । यसका लागि पनि चीन र पश्चिमी मुलुकहरूको सहकार्य हुनु अति आवश्यक छ । *(स्रोतः कारोबारदैनिक)*

# सातोपुत्लो लैजाने फलामे ढोका



✍डा. बालकृष्ण साह

२०५१ साल । मनमा बेग्लै कम्पन थियो । केही डर, केही तनाव, केही बेचैनी । अनि केही उत्साह पनि । किनभने हामी त्यसबेला परीक्षाको अन्तिम बिन्दुमा थियौं । परीक्षा पनि एलएलसी । त्यसबेला एलएलसी परीक्षा भन्नासाथ विद्यार्थीको आङ काम्थ्यो । किनभने यो परीक्षालाई यति धेरै महत्व दिइएको थियो कि त्यो पार गर्नैपर्ने बाध्यात्मक मनोविज्ञानमा जेलिएका हुन्थे विद्यार्थी । हामी त्यस्तै मनोदशामा थियौं ।

त्यसबेला एसएलसीलाई फलामे गेटको संज्ञा दिइन्थ्यो । यदि यो परीक्षा उत्तीर्ण भइएन भने विद्यार्थीको एक वर्ष खेरो मात्र जाँदैनथ्यो उच्च शिक्षाको प्रयासमा पनि ठूलो धक्का लाग्थ्यो । एसएलसीको परीक्षाफललाई जीवनको सफलता वा असफलतासँग जाँच्ने समाज थियो । त्यसैले विद्यार्थीहरु एउटै दबाबमा हुन्थे, कसरी एसएलसी पास गर्ने ?

एसएलसीको हाउगुजीले कतिसम्म सताएको थियो भने यो परीक्षाको बेला देशभर एक किसिमको फरक माहौल बन्थ्यो । परीक्षालयमा प्रहरी खटाइन्थे । प्रहरी देख्दा पनि विद्यार्थीको सातो जान्थ्यो । त्यस्तै परीक्षाको नतिजा आउने बेला पनि एक किसिमको उत्साह र अत्यास हुन्थ्यो । परीक्षाफल गोरखापत्रमा प्रकाशित हुन्थ्यो, जुन प्राप्त गर्नै महाभारत हुने । परीक्षामा उत्तीर्ण हुनेहरुले संसार जितेजस्तो गर्थे भने अनुत्तीर्ण हुनेहरुलाई गम्भीर आघात पुग्थ्यो । कतिपयले त आत्महत्या नै गर्थे ।

परीक्षालाई अनावश्यक रुपमा 'भयंकर' बनाउँदा धेरै विद्यार्थीले अकालमा ज्यान गुमाएका थिए । अहिले समय फेरिएको छ । एसएलसी एसईईमा बदलिएको छ । प्रणाली परिवर्तन भएको छ । तर परीक्षाको पुरानो अवशेष भने कहींकतै बाँकी छ ।

यद्यपि एसएलसी परीक्षा हाम्रो जीवनकालको एउटा अविस्मरणीय क्षण भने आवश्य थियो । किनभने सो परीक्षासम्म आइपुग्नका लागि गर्नुपर्ने तयारी र विद्यालय जीवनबाट पाइने छुट्काराले हामी सो परीक्षामा एकोहोरिएका हुन्थ्यौं । परीक्षाको तयारी, परीक्षा दिएको क्षण, परीक्षा सकाएपछिको आनन्द र परीक्षाफलको प्रतीक्षा हाम्रो जीवनकालकै निकै उतारचढावपूर्ण क्षण हुन्थ्यो । त्यसैले एसएलसी परीक्षाका दिनहरु स्मृतिमा सुरक्षित हुँदोरहेछ ।

म निजी विद्यालयको विद्यार्थी, अझ हामी पहिलो ब्याच थियौं । एसएलसीको परिणामले विद्यार्थीहरुको शैक्षिक जीवन मात्रै होइन, विद्यालयको भविष्य पनि निर्धारण गर्ने मान्यता राखिन्थ्यो । पहिले विद्यालयले लिएको पूर्वपरीक्षा अनि त्यसपछि जिल्लाले लिने परीक्षा उत्तीर्ण गरेपछि बल्ल एसएलसीमा सहभागी हुन पाइन्थ्यो । स्कुले जीवनको अन्तिम परीक्षा भएकाले एसएलसीलाई विशेष महत्वकासाथ लिइन्थ्यो ।

जिल्ला स्तरीय टेस्ट परीक्षा उत्तीर्ण गरिसकेपछि एसएलसी परीक्षाका लागि फर्म भरिन्थ्यो । त्यसपछिको समय विद्यालयमा कुनै कक्षा हुँदैनथ्यो । विद्यालयमा बिदाइ समारोह कार्यक्रम राखिन्थ्यो । कार्यक्रममा शिक्षकवर्गले १० वर्षको लामो सम्बन्धलाई केलाउँदै सुखद् जीवनको कामना गर्दै बिदाइ गर्थे । त्यो पल भावुक भएको मलाई अझै स्मरण छ । लाग्थ्यो हामी परीक्षा भन्दा पनि कुनै युद्धका लागि छुट्टिंदैछौं ।

वास्तवमै त्यसपछि विद्यालयसँगको दूरी क्रमशः बढ्दै जान्थ्यो । सबै आ–आफ्नै घरमा नै तयारी गर्ने, मेहनत गर्ने हुन्थ्यो । आफ्नो घर इटहरीमा थिएन, म र कमल कोइराला भाडाको कोठा लिएर तयारी गर्न थालेका थियौं । हामीसँग दिनभर पार समणि भण्डारी हुन्थे । पारसको घर नजिकै भएकाले खाना खान र सुत्न चाहिं घर नै जान्थ्यो ।

विद्यालयको पहिलो ब्याच भएर पनि होला, शिक्षकहरु हामीलाई सूक्ष्म तरिकाले निगरानी राखेको भान हुन्थ्यो, यद्यपि प्रत्यक्षरुपमा कुनै परिबन्धहरु थिएनन् । त्यो तयारीमा पनि हामी मस्त थियौं । एसएलसी दिने भनेपछि अभिभावक मात्रै होइन, टोलछिमेकीहरुले पनि चासोपूर्वक हेर्ने गरेको अनुभूत हुन्थ्यो । त्यही बेलादेखि एसएलसीमा 'होम सेन्टर' नहुने भयो । अर्थात् इटहरीका विद्यालयका सेन्टर नै इटहरीमा नराखेर इटहरी बाहिर राख्ने भयो । त्यसैले इटहरीका सबै विद्यालयको सेन्टर तरहरा भएको थियो । इटहरीबाट तरहरा

....बाँकी पृष्ठ ३ मा

# सहकारी दिवसमा अभिमुखीकरण र बहस



बहसमा सहभागीहरु ।

**समाज संवाददाता**

हेटौंडाः ६७औं राष्ट्रिय सहकारी दिवसको अवसरमा बिहिबार हेटौंडामा सहकारीका पदाधिकारीलाई अभिमुखीकरण तथा बहस कार्यक्रम भएको छ । सहकारी दिवस मूल समारोह समितिको आयोजनामा भएको कार्यक्रममा सहकारीका अध्यक्ष, व्यवस्थापक र ऋण समितिका संयोजकको सहभागिता रहेको थियो ।

मूल समारोह समितिका संयोजक एवम् जिल्ला सहकारी संघ मकवानपुरका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षता तथा बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव हरिशरण पुडासैनीको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको थियो । पहिलो चरणमा राष्ट्रिय सहकारी बैंक लिमिटेडको सदस्य सेवा महाशाखाका बल्लभ तिमल्सिनाले ऋण लगानी तथा असुलीमा कानुनी प्रावधान र सरोकारवालाको भूमिका विषयक अभिमुखीकरण गराउनुभएको थियो ।

दोस्रो चरणमा बहसको आयोजना गरिएको थियो । पत्रकार सुरेश श्रेष्ठले सहजीकरण गर्नुभएको बहसमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाई, बागमती प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गत सहकारी महाशाखाका कानुन अधिकृत मनोज गुप्ता, मालपोत कार्यालय मकवानपुरका अधिकृत भीम परियार, हेटौंडा उपमहानगरपालिकाको सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघ लिमिटेडका अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडकी अध्यक्ष कल्पना श्रेष्ठको सहभागिता रहेको थियो ।

पछिल्लो समय सहकारीको ऋण असुलीमा समस्या भइरहेको र ऋणको साँवा, व्याज असुलउपर गर्न सरोकारवालाको सहयोग जरुरी रहेको सहभागीको भनाइ थियो । बहसमा सहभागीले सहकारीको नीति, विधि र सिद्धान्तअनुसार सञ्चालित हुन आवश्यक रहेको उल्लेख गरेका थिए । धनजमानीमा गरिएका लगानीहरु जोखिममा रहेको उल्लेख गर्दै सञ्चालकहरुको इमानदारिता र सतर्कता जरुरी रहेको औंल्याइएको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईले लेखा परीक्षण नै गलत तयार पारिनु, ऋण समितिले लगानीको जोखिम थाहा हुँदा हुँदै पनि ऋण लगानी गर्नु जोखिमका कारण भएको बताउनुभयो ।

# अनेमसंघको अभिमुखीकरण सकियो

**समाज संवाददाता**

हेटौंडाः अखिल नेपाल महिला संघ जिल्ला कमिटी मकवानपुरको आयोजनामा दुई दिवसीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । अनेमसंघ जिल्ला कमिटी अध्यक्ष सुमित्रा काफ्लेको सभा अध्यक्षता एवम् नेकपा एमाले पार्टी स्थायी कमिटी सदस्य एवम् अनेमसंघ इन्चार्ज सीता पौडेलको प्रमुख आतिथ्यमा प्रशिक्षण कार्यक्रम भएको छ ।

प्रशिक्षणमा अनेमसंघ मकवानपुर जिल्ला कमिटी पदाधिकारी र सदस्यहरु, मकवानपुरका १० वटै पालिकाका अध्यक्ष तथा सचिबको सहभागिता रहेको थियो । पहिलो दिन बुधबारको प्रशिक्षण "महिला र सञ्चार" विषयमा पदमा पौडेलले, "नेपाली महिला आन्दोलनमा अनेमसंघ, उपलब्धि र आगामी कार्यदिशा" विषयमा सुमित्रा काफ्लेले सहजीकरण गर्नुभएको थियो । दोस्रो दिन बिहिबार "मार्क्सवादी दर्शन र जबज" विषयमा प्रमुख अतिथि सीता पौडेल र संगठन निर्माण, परिचालन र व्यवस्थापन" विषयमा नेकपा एमाले केन्द्रीय सदस्य एवम् अनेमसंघ केन्द्रीय उपाध्यक्ष शर्मिला कार्कीले र "उद्यमशीलता अनुभव" बारे गणेश कुमारी श्रेष्ठले प्रस्तुती राख्नुभएको थियो ।

५० जनाको सहभागीता रहेको प्रशिक्षणमा पार्टी केन्द्रीय कमिटी सदस्य जुनेली श्रेष्ठ, पार्टी केन्द्रीय निर्वाचन विभाग सदस्य अनन्त पौडेल, नेकपा एमाले जिल्ला कमिटी अध्यक्ष एका लाल श्रेष्ठ, अनेमसंघ केन्द्रिय सदस्य मेनुका दाहाल, प्रदेश कमिटी सचिवालय सदस्य सीता विष्ट र प्रदेश कमिटी सदस्य अमृता भट्टको उपस्थित रहेको थियो ।

प्रशिक्षणकै अवसरमा अनेमसंघ मकवानपुर जिल्ला कमिटीकी संस्थापक अध्यक्ष बालकुमारी थापा स्मृति केन्द्रको विधिवत दर्ता मिति २०८० चैत्र १२ गते भए पश्चात् अनेमसंघ जिल्ला कमिटीद्वारा उक्त कोषमा रु ५०,००० हजार अध्यक्ष जुनेली श्रेष्ठलाई कार्यक्रमका प्रमुख अतिथि सीता पौडेलबाट हस्तान्तरण गरिएको छ । साथै यस कोषमा सहयोगका लागि खुल्ला आव्हान गरे लगतै गणेश कुमारी श्रेष्ठबाट नगद सात हजार छ सय ५० रुपैयाँ सहयोग गर्नु भएको छ ।

## कर्मचारी सञ्चय कोषबाट धितोमा आधारित विभिन्न सापटी लिई किस्ता नियमित नगर्ने र भाखा नाघेका कर्जा चुक्ता नगर्ने ऋणीहरुलाई कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौंडाको

## अत्यन्त जरुरी सूचना

*प्रथम पटक प्रकाशित मिति :- २०८०/१२/१५ गते*

कोषबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद कर्जा र घर मर्मत सापटी लिएका ऋणी सञ्चयकर्ताहरुले कोषलाई बुझाउनु पर्ने नियमितकिस्ता (साँवा तथा ब्याज) रकम एवम् कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तान गर्नुपर्ने सम्पूर्ण साँवा व्याजको रकम यथाशिघ्र यस शाखा कार्यालयमा सम्पर्क गरी बुझाउनहुन सूचित गरिन्छ । सम्झौताअनुसार समयभित्र रकम नबुझाउने ऋणीहरुको नामावली राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी प्रचलित कानूनअनुसार असुली कारवाही अगाडि बढाईने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सुचित गरिन्छ ।

KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले ऋण रकमको साँवा/व्याज रकम www.connectips.com मा Log In गरी Semi Government Payment System को EPF छनौट गरी Connect IPS मार्फत तिर्न सकिने साथै तल उल्लेखित बैंकमा सम्पर्क गरी सोही बैंक मार्फत तिर्न सकिने ब्यहोरा अनुरोध छ र ग्लोवल आईएमई बैंक स्थित भौचर मार्फत ऋण तिर्नुहुने सञ्चयकर्ताहरुले भौचरको सक्कलप्रति यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ । Connect IPS मार्फत रकम बुझाउँदा भौचर बुझाउन नपर्ने व्यहोरा पनि अनुरोध छ ।

**भौचर दाखिला गर्ने बैंकहरूको नाम र खाता नम्बरहरू :**

| क.सं. | बैंकहरुको नाम | खाता नम्बर | |
|---|---|---|---|
| १.<br>२. | माछापुच्छ्रे बैंक<br>ग्लोवल आईएमइ बैंक | उल्लेख गर्न नपर्ने<br>३०४०१०१०००१३३० | Connect IPS मार्फत बुझाउन<br>भौचर मार्फत तिर्न |

Mail Id:hetauda@epf.org.np

**भौचर भर्दा अनिवार्य उल्लेख गर्नु पर्ने कुराहरू:-**

१. क.सं. कोष नम्बर, २. UCIN/KYC नम्बर, ३. ऋणीको नाम, ४. ऋणको किसिम (घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद सापटी र घर मर्मत सापटी), ५. ऋण नम्बर र मोबाईल नम्बर ।

**कर्मचारी सञ्चय कोष**
**शाखा कार्यालय, हेटौडा**
**फोन नं. ०५७-५२४३६४**

## मकवानपुर बाल विद्या सदन

**हेटौंडा-१८, खड्कुले**

## हार्दिक शुभकामना



यस विद्यालयको प्रतिनिधित्व गर्दै २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा सहभागी सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुलाई उत्कृष्ट प्रस्तुतीका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**सुदीप राज गिरी**
अध्यक्ष
विद्यालय व्यवस्थापन समिति

**कृष्णबहादुर अधिकारी**
अध्यक्ष, शिक्षक अभिभावक संघ

**एवम्**

**मकवानपुर बालविद्या सदन मावि परिवार**

**हेटौंडा-१८, खड्कुले**

## सातोपुत्लो...

नजिक भए पनि म कहिले तरहरा घुमेको थिइनँ । हाम्रो ब्याचका नौ जनामध्ये कोही पनि तरहराको स्कुल पुगेका थिएनन् ।

पहिलो दिन विद्यालयले सेन्टर पुऱ्याइदिने वा अभिभावकले पुऱ्याउने चलन सायद त्यसबेला थिएन । प्रवेशपत्र लिएर गोदावरी स्कुलका हामी नौ जना साथी सार्वजनिक बस चढेर तरहरा पुग्यौं । इटहरीबाट तरहराको भाडा २ रुपैयाँ रहेछ, तर विद्यार्थीहरुले मात्र २५ पैसा तिर्ने चलन थियो । हामी ९ जनाको २ रुपैयाँ २५ पैसा दिनुपर्ने तर हामी २ रुपैयाँ भन्दा बढी कहिल्यै तिरेनौं ।

तरहरा चोकबाट करिब १५ मिनेट पैदल हिंडेर केन्द्रमा पुग्नु, हलमा छिर्दा सबैलाई वेस्ट विशेष' भन्नू अनि परीक्षापछि सबै सँगै इटहरी फर्किनु सबै जीवनकै महत्त्वपूर्ण क्षण रहेछ । एसएलसीपछि सबै छुट्टिनु, उच्च शिक्षाका लागि घर भन्दा टाढाको सहरमा भौंतारिनु, एकातिर स्वतन्त्रता र अर्कातिर सबै व्यवस्थापन आफैंले गर्नुपर्ने बाध्यता भएकाले होला एसएलसीलाई आइरन गेट भनिन्थ्यो । एसएलसीपछि के पढ्ने, कहाँ पढ्ने मात्रै होइन कसरी पढ्ने अनि कसरी बस्ने ? आदि निर्णयहरु पनि स्वयंले नै लिनुपर्ने वातावरण थियो ।

आज त्यस्तो वातावरण छैन । एसईईका लागि परीक्षार्थीहरुलाई विद्यालय अनि अभिभावकले डोऱ्याउने गरेको देखिन्छ । एसईईपछि पनि एक्लै घर छोडेर के पढ्ने, कहाँ पढ्ने निर्णय लिन सक्ने क्षमताको विकास भइसकेको देखिंदैन । कक्षा ९ र १० को संयुक्त परीक्षा जस्तो रहेको एसएलसीबाट एसईई हुँदा कक्षा ९ का पाठ्यक्रम हटेर कक्षा १० को मात्रै राख्न थालियो । अनि अनुत्तीर्ण नै हुनुपर्ने ग्रेड प्रणालीले गर्दा यसको 'सान' पनि कमी आएको छ । अब त १२ पछि मात्रै कहाँ, के, कसरी पढ्ने जस्ता कुरामा स्वयंले निर्णय गर्ने, व्यवस्थापन मिलाउने हुन्छ । त्यसैले सायद अब एसईईलाई आइरन गेट भन्नुभन्दा पनि १२ लाई पो भन्नु पर्छ कि ? स्वतन्त्रतापूर्वक स्वयंले गर्ने व्यवस्थापनको आइरन गेट । *(स्रोतः अनलाईखबर)*

## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मितिः २०८०/१२/१६ गते)*

यस श्री श्रमिक माध्यमिक विद्यालय हेटौंडा-४, कर्राको लागि तपसिल बमोजिमको निजीस्रोत करार शिक्षक (अंग्रेजी माध्यमतर्फ) पदपूर्ति गर्नुपर्ने भएकाले विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क.सं | विज्ञापन नं. | पद/तह | संख्या | विषय | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०८० | शिक्षक/ आधारभूत तह | १ | अंग्रेजी | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय अंग्रेजी लिई १२ कक्षा वा सोसरह उत्तीर्ण | |
| २ | ०४/२०८० | शिक्षक/ आधारभूत तह | १ | नेपाली | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय नेपाली लिई १२ कक्षा वा सोसरह उत्तीर्ण | |
| ३ | ०५/२०८० | शिक्षक/ आधारभूत तह | १ | विज्ञान | मान्यता प्राप्त शिक्षण संस्थाबाट मुख्य विषय विज्ञान लिई १२ कक्षा वा सोसरह उत्तीर्ण | |
| ४ | ०६/२०८० | शिक्षक/ आधारभूत तह | १ | सामाजिक | मान्यता प्राप्त शिक्षण संस्थाबाट १२ कक्षा वा सोसरह उत्तीर्ण | |
| ५ | ०७/२०८० | शिक्षक/ आधारभूत तह | १ | कम्प्युटर | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर वा अन्य विषयमा १२ कक्षा वा सोसरह उत्तीर्ण गरी कम्प्युटरसम्बन्धी तालिम प्राप्त | |

**वाञ्छनीय योग्यता**ः माथिल्लो तहको शैक्षिक योग्यता हासिल गरी शिक्षण अनुभव भएको ।

**आवश्यक अन्य योग्यता**ः

१. उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
२. सेवा सुविधाः विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ।
३. आवेदन फारम दस्तुरः रु. ५००/- (पाँच सय रुपैयाँ) ।
४. परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक/कक्षा अवलोकन ।
५. आवेदन फारम बुझाउने अन्तिम मितिः २०८१/०१/०६ गतेसम्म ।
६. सम्पर्क मितिः २०८१/०१/०६ गते
७. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी दिइनेछ ।

आवश्यक कागजातः हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिम प्रमाणपत्रको प्रतिलिपि ।

**थप जानकारीको लागि सम्पर्कः**

**श्री श्रमिक माध्यमिक विद्यालय, हेटौंडा-४, कर्रा**

**मोबाइल नंः ९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५**

## वडाध्यक्ष कप फुटबल प्रतियोगिता

# वडा १५ र वडा-८ सेमीफाइनलमा



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका १५ नम्बर वडा खेलकुद विकास समितिको आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा जारी वडाअध्यक्ष कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल खेलमा वडा-९ लाई हराउँदै वडा-१५ सेमीफाइनलमा प्रवेश गरेको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा बिहिबार भएको पहिलो क्वार्टरफाइनल खेलमा वडा-९ लाई वडा १५ ले ७-० वडा गोलअन्तरले पराजित गरेको हो ।

वडा-१५ को तर्फबाट ऋषि मोक्तानले एक्लैले ४ गोल गर्न सफल भए । ४-० गोलको दवावमा परेको वडा-९ विरुद्ध विशाल भोलनले थप २ गोल गर्दै दवावलाई कायम बनाउन सफल भए । खेललाई बराबरीमा ल्याउने अवस्था नभएको समयमा अनिश मोक्तानले थप एक गोल गरे ।म्यान अफ द म्याच ऋषि मोक्तान घोषित भएका छन् ।

यस्तै बिहिबार नै भएको दोस्रो खेलमा वडा-१४ लाई टाइब्रेकरमा ४-२ गोलअन्तरले हराउँदै वडा-८ सेमीफाइनलमा प्रवेश गरेको छ । खेलको निर्धारित समयमा २-२ गोलको बराबरीमा रोकिएर नतिजाको लागि टाइब्रेकरको सहारा लिनु परेको थियो । वडा-९ बाट प्रशान्त देलाले २ गोल गरेको थिए । यता वडा-१५ बाट अनुप राना मगर र रिहान रानाले समान १-१ गोल गर्दै खेललाई बराबरीमा ल्याएको थियो ।

वडा-८ बाट टाइब्रेकरमा वडा-८ का खेलाडी सुर्वण घलान, चिरञ्जीवी घिमिरे निराजन ढुंगाना र जर्सी नम्बर ७ का खेलाडीले प्रहार गरेको बल गोलमा परिणत भएको थियो । यता वडा-१४ बाट प्रताव थोकर र अनुप राना मगरको प्रहार गोलमा परिणत भएको थियो । यस्तै मनिष घलानको प्रहार गोलमा परिणत हुन सकेन । म्यान अफ द म्याच प्रशान्त देउला घोषित भएका छन्

प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकम भित्रको १७ वटा वडाहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ । प्रतियोगिता आयोजनाका लागि कबिर ११ लाख रुपैयाँको खर्च हुने अनुमान गरिएको छ ।

## निर्माण व्यवसायी महासंघको साधारणसभा आजबाट

# प्रधानमन्त्रीले उद्घाटन गर्नुहुने

समाज संवाददाता

हेटौंडाः नेपाल निर्माण व्यवसायी महासंघको २५ औं साधारणसभा आज शुक्रबार सुरु हुँदैछ । हेटौंडामा हुने साधारणसभाको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गर्नु हुनेछ ।

बिहीबार हेटौंडामा पत्रकार सम्मेलन आयोजना गर्दै साधारणसभाको सम्पूर्ण तयारी पूरा भएको नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले जानकारी गराउनुभयो । साधारणसभामा उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, शहरी विकासमन्त्री धनबहादुर बुढा र बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको आतिथ्य रहनेछ ।

शनिबारसम्म सञ्चालन हुने साधारणसभामा देशभरबाट एक हजार एक सय प्रतिनिधि र पाँच सय पर्यवेक्षकको सहभागिता रहने आयोजकले जनाएको छ । सभाको उद्घाटनमा 'निर्माण विशेषाङ्क' स्मारिका विमोचन हुनेछ । साधारणसभामा महासंघका महासचिव र कोषाध्यक्षले प्रतिवेदन पेश गर्नु हुनेछ ।

साधारणसभामा निर्माण उद्योगमा देखिएका चुनौतीहरुबारे छलफल हुनेछ भने निर्माण उद्योगको विकास र विस्तारका लागि महत्वपूर्ण निर्णयहरु गरी घोषणापत्र जारी हुने आयोजकले जनाएको छ । महासंघका अध्यक्ष सिंहको अध्यक्षतामा सभाका लागि मूल आयोजक समिति र विभिन्न उपसमितिहरु गठन गरिएको छ । साधारणसभा स्थलमा २४ वटा निर्माण कम्पनीसँग सम्बन्धित स्टलहरू पनि रहनेछन् । साधारणसभा सम्पन्न गर्न एक करोड रुपैयाँ खर्च हुने आयोजकले अनुमान गरेको छ ।

२५ औं साधारण सभा मुलुकका समस्त निर्माण व्यवसायीहरूको सीप, दक्षता, क्षमता र गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण सावित हुने विश्वास महासंघले लिएको छ । पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष रवि सिंहले सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधन आउनु सकारात्मक भएको प्रतिक्रिया दिनुभयो । तर म्याद थपले मात्र निर्माण उद्योगमा देखिएको समस्या समाधान नहुने भन्दै उहाँले निर्माण उद्योगमैत्री ऐन कानून आजको आवश्यकता भएको बताउनुभयो । सरकारले अब व्यवसायीहरूलाई बाँकी रहेको भुक्तानी दिई अर्थतन्त्र चलायमान बनाउनुपर्ने अध्यक्षको सिंहको भनाइ थियो ।

महासंघका सल्लाहकार समेत रहनु भएका पूर्व अध्यक्ष जयराम लामिछानेले निर्माण उद्योगको समस्यालाई राज्य, सञ्चार जगत कसैले बुझ्न नसकेको बताउनुभयो । महासंघका वरिष्ठ उपाध्यक्ष आङ दोर्जी लामा (एडी) ले म्याद थप हुँदा व्यवसायीलाई नै घाटा हुने भन्दै म्याद थपलाई उपहारको नबुझ्न सञ्चार जगत समक्ष आग्रह गर्नुभयो । निर्माण उद्योगमा देखिएको चुनौतिका बारेमा घनिभूत छलफल गर्दै निर्माण उद्योगको विकास विस्तारका लागि साधारण सभाले गरेका महत्वपूर्ण निर्णयहरु लिपिवद्ध गर्दै घोषणापत्र जारी गरिने महासंघका महासचिव रोशन दाहालले जानकारी दिनुभयो । महासंघका प्रवक्ता समेत रहनु भएका नीतिगत उपमहासचिव शिवहरि घिमिरेले उद्योगको पनि 'उद्योग' को रुपमा निर्माण उद्योग सबल भएमात्र राष्ट्रको वास्तविक विकास हुने बताउनुभयो ।

# शैक्षिक क्षेत्रको विकासका लागि समिति गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा उमहानगरपालिका १० नम्बर वडा कार्यालयले वडाभित्र शैक्षिक क्षेत्रको विकास गर्ने उद्देश्यले शैक्षिक सुधार समिति गठन गरेको छ । बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै गत माघ ९ गते वडा-१० मा सम्पूर्ण शैक्षिक संस्थाको क्षमता अभिवृद्धि गर्दै विभिन्न विद्यालयहरुले प्रदान गरेको शिक्षालाई सुलभ, स्तरीय र मर्यादित बनाउन समिति गठन गरेको जानकारी दिइएको छ ।

वडा अध्यक्ष फुर्वा दोर्जे लामाको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको बताइएको छ । समितिको सहसंयोजकमा ईन्द्र नेपाल र सदस्यसचिवमा राम तिमल्सिनालाई तोकिएको छ । वडामा शैक्षिक क्षेत्रको विकासका लागि गठन गरिएको समितिले कार्यविधि तयार गरेर नगरसभाबाट पारित गर्ने प्रक्रियामा रहेको वडा अध्यक्ष लामाले बताउनुभयो ।

समितिले वडाको ३० प्रतिशत बजेट शिक्षाको लागि छुट्याउने नीति लिएको बताउनुहुँदै वडा अध्यक्ष लामाले वडामा भएको ज्ञानदा माध्यमिक विद्यालय तथा संस्कृति वेद विद्यालयका लागि आवश्यक बजेट छुट्याउन सजह भएको जानकारी दिनुभयो । नेपाल सरकारले कक्षा-५ सम्मका विद्यार्थीहरुलाई प्रतिविद्यार्थी १५ रुपैयाँको दरले खाजा दिने गरेकोमा वडाले प्रतिविद्यार्थी १० रुपैयाँको दरले थप गरेको उहाँले बताउनुभयो ।

ज्ञानदा माध्यमिक विद्यालयमा प्राविधिक धार सञ्चालनका लागि विभिन्न निकायसँग जग्गाको लागि पहल गरिरहेको उहाँले बताउनुभयो । कक्षा ४ सम्म अंग्रेजी माध्यममा पढाइ भइरहेको ज्ञानदा माविमा आगामी वर्षदेखि ९ कक्षासम्मा अंग्रेजी माध्यमबाट पढाई हुने वातावरण सिर्जना गर्न वडाबाट सहयोग गर्ने उहाँको भनाइ छ । शिक्षकहरुलाई प्राभावकारी बनाउने उद्देश्यले विभिन्न अध्ययन भ्रमणमा प्रोत्साहन तथा सहयोग गर्ने वडा अध्यक्ष लामाले बताउनुभयो । ज्ञानदा मावि तथा संस्कृत वेद विद्यालयमा अध्ययन गराउने शिक्षकमध्ये उत्कृष्ट शिक्षकलाई पुरस्कृत गरिने उहाँले जानकारी दिनुभयो । माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीका लागि वडा कार्यालयबाट छात्रवृत्ति प्रदान गर्ने उहाँको भनाइ छ ।

# मकवानपुर क्याम्पसको वार्षिकोत्सव समारोह सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको ४४ औं वार्षिकोत्सव कार्यक्रम बिहिबार सम्पन्न भएको छ । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको खेलकुद प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरी वार्षिकोत्सव समारोह समापन गरिएको छ ।

विभिन्न प्रतियोगितामा सहभागी एक सय भन्दा बढी विद्यार्थीलाई पुरस्कृत गरिएको छ । कार्यक्रममा विद्यालयका निवर्तमान क्याम्पस प्रमुख डा. शंकरप्रसाद उपाध्यायलाई सम्मान गर्नुका साथै नवनियुक्त क्याम्पस प्रमुख डा. यमबहादुर सिलवाललाई बधाई ज्ञापन गरिएको छ । कार्यक्रममा नेपाल होचा पुड्का संघका कलाकारहरुले नृत्य तथा नाटक प्रस्तुत गरेका छन् ।

स्ववियु अध्यक्ष छोइसाङ लामाको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा वार्षिकोत्सव समारोह भएको हो । कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेल, बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा, स्ववियु पूर्वसभापति एवम् हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, क्याम्पस सञ्चालक समितिका सदस्यहरु, प्राध्यापकहरुको पनि आतिथ्य रहेको थियो ।

२०३७ सालमा स्थापित मकवानपुर बहुमुखी क्याम्पसमा बिहानी, दिवा र सन्ध्याकालिन तीन सत्रमा पठनपाठन हुन्छ । मकवानपुर क्याम्पसमा कक्षा-११, १२, स्नातक र स्नात्तकोत्तर तहमा करिब ६ हजार विद्यार्थी अध्ययनरत छन् । मकवानपुर क्याम्पसमा शिक्षाशास्त्र, मानविकी, वाणिज्य र विज्ञान संकायमा पठनपाठन भइरहेको छ ।

# निजी विद्यालयमा वार्षिक परीक्षा सुरु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको प्याब्सनमा आवद्ध निजी विद्यालयहरुमा वार्षिक परीक्षा सुरु भएको छ । प्याब्सनमा आवद्ध भएका निजी विद्यालयको वार्षिक परीक्षा बिहीबारबाट सुरु भएको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको हो ।

मकवानपुर जिल्लामा प्याब्सनअन्तर्गत् रहेको ६२ वटा विद्यालयबाट करिब ३२ हजारभन्दा बढी परीक्षार्थीहरु वार्षिक परीक्षामा सहभागी भएको अध्यक्ष सुवेदीले बताउनुभयो । हेटौंडा उपमहानगर पालिकाको ४८ वटा, मनहरी गाउँपालिकाको ८ वटा र थाहा नगर पालिकाको ६ वटा विद्यालय गरी जम्मा ६२ वटा विद्यालयबाट विद्यार्थीहरु परीक्षामा सहभागी भएको उहाँले बताउनुभयो ।

कक्षा-९ को प्रश्नपत्र प्याब्सनले निर्माण गर्ने र बाँकी कक्षाको प्रश्नपत्र सम्बन्धित विद्यालयले बनाउने गरेको उहाँले बताउनुभयो । परीक्षा दुई सिफ्टमा सञ्चालन भइरहेको छ । कक्षा-१ देखि ५ कक्षा सम्मका विद्यार्थीहरुको बिहान १० बजेदेखि १२ बजेसम्म परीक्षा सञ्चालन हुनेछ भने कक्षा ६,७ र ९ को परीक्षा १ बजेदेखि ३ बजेसम्म सञ्चालन हुनेछ ।

चैत १५ गते बिहीबारबाट सुरु भएको परीक्षा २४ गतेसम्म सञ्चालन हुनेछ । आजै बिहीबारबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) पनि सुरु भएको छ । एसईई परीक्षामा देशभरका १० हजारभन्दा बढी सामुदायिक र संस्थागत विद्यालयबाट करिब ५ लाख विद्यार्थीहरु सहभागी भएका छन् ।

# चितवनमा २ जनाको मृत्यु, दोलखामा आगोले पोलेर वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा बागमती प्रदेशको चितवन र दोलखामा एकै दिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवमा एकै दिन २ जनाको मृत्यु भएको छ भने दोलखामा आगोले पोलेर एक वृद्धको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, देवघाटमा एकजना पुरुषको शव फेला परेको छ । बुधबार बिहान ७ बजेर ३० मिनेटको समयमा त्रिपुरेश्वर मन्दिरको प्यासेजमा नामथर नखुलेको अन्दाजी ६० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि भरतपुर अस्पतालमा राखिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६, मोहनपुरमा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा तनहुँ जिल्ला घर भई हाल मोहनपुरस्थित एक फर्निचरमा काम गर्दै आएका ४२ वर्षीय विष्णु परियार रहेको प्रहरीले जानकारी दिएको छ ।

परियार मादकपदार्थ सेवन गरी २ दिनदेखि बिरामी अवस्थामा रहेको खबर प्राप्त हुनासाथ बुधबार दिउँसो ३ बजेर ४५ मिनेटको समयमा उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा परियारको बुधबार बेलुका ५ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, दोलखा जिल्लाको बिगु गाउँपालिका-८, खोवाचाँगुमा आगोले पोलेर एकजना वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा ८३ वर्षीय खड्कबहादुर श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार बिहान १ बजेको समयमा श्रेष्ठको जस्ताले बारेको जस्ताकै छाना भएको किराना पसलमा अचानक आगलागी आगलागी हुँदा आगोले जलेर घटनास्थलमा नै मृत्यु भएको थियो । आगोले पोली श्रेष्ठको शरीरको ५०% भाग जलेर नष्ट भएको प्रहरीले जानकारी दिएको छ । आगो स्थानीयको सहयोगमा बिहान ६ बजे पूर्णरुपमा नियन्त्रणमा लिएको र आगलागीबाट ४ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ ।

# २० जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडाः मकवानपुर संयुक्त इसाई समुदायको आयोजना बिहिबार हेटौंडामा रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा २० जनाले रक्तदान गरेका छन् ।

हेटौंडा-१०, बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा १६ जना पुरुष र ४ जना महिलाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ । इसाई समुदायले हरेक वर्ष रक्तदान कार्यक्रमको आयोजना गर्ने गरेको छ । रक्तदान कार्यक्रम रक्त सञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको सापकोटाले बताउनुभयो ।

यसअघि बुधबार हेटौंडा-१०, बुद्धचोकमा राउण्ड टेबलको आयोजनामा रक्तदान कार्यक्रम भएको थियो । कार्यक्रममा १९ जनाले रक्तदान गरेका थिए । आज शुक्रबार पूर्वीनगर इसाई समन्वय समितिले हेटौंडा-१८, रामधुनीचोक र चैत २२ गते जनचेतना बचत तथा ऋण सहकारी संस्था रातोमाटेमा रक्तदान कार्यक्रम गर्दैछ ।

## जेसीआई हेटौंडाको सदस्यता नवीकरण गर्नेसम्बन्धी सूचना

जेसीआई हेटौंडाको सदस्यता नवीकरण विधानतः यही ३१ मार्च २०२४ भित्र गरिसक्नु पर्ने भएकोले सम्पूर्ण सदस्यज्यूहरुलाई आ-आफ्नो सदस्यता नवीकरण गर्नुहुन हार्दिक अनुरोध गर्दै, साथै नवीकरण गराउन आउँदा आफ्नो पहिचान तथा उमेर खुल्ने नेपाली नागरिकता, चालक अनुमति पत्र, राहदानी प्रमाणपत्र, कुनै एकको सक्कल प्रति लिई आउन अनुरोध गर्दछु ।

**अध्यक्ष जेसी विकेशलाल श्रेष्ठ- ९८५५०७७१७८**

**कोषाध्यक्ष- जेसी विपिन ताम्राकार- ९८२१८६५२५६**

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः श्याम बहादुर गोले जग्गाधनीः श्याम बहादुर गोले ।

जिल्ला मकवानपुर साविक कुलेखानी गाविस वडा नं. २ हाल इन्द्रसरोवर गाउँपालिका-२ बस्ने औतार सिं गोलेको नाती, कमान सिं गोलेको छोरा, श्यामबहादुर गोलेको माग निवेदन फिल्डबुक जग्गावालाको नाम, थर, वतन कैफियत व्यहोरा बमोजिम श्यामबहादुर गोले प. टोड्के वार्ड ७ बाबु कमान सिं उल्लेख भएको फिल्डवुक अनुसार टोड्के गाविस वडा नं. ७ को कि. नं. ३४८, ३२९, ३४४, २९७, ३१६, ३०५, ज.रो ३-१४-०-२, ०-७-१-०, ३-७-३-१, २-१-०-३, ४-१०-३-२, ६-१४-१-० जग्गाको पुर्जा प्राप्त नभएको श्याम बहादुर गोलेको नाममा छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदाबी निवेदन अनुसार उक्त कित्ता जग्गा माथि उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गा दर्ता हुनुनपर्ने अन्य कुनै कारण भए सबूत प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण उजुर-बाजुर गर्न आउनुहोला । अन्यथा निवेदकको माग दाबी बमोजिम छुट जग्गा दर्ता भई जाने बेहोरा सर्वसाधारणहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ